नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, रामेछाप

मन्थली, रामेछाप
(कार्यक्षेत्रः रामेछाप र दोलखा)

पत्र संख्या : २०८३/०८४
चलानी नं: २१

मितिः २०८३।०५।०२
ने.सं.: ११४६ गुलाथ्व ०५

श्री जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप।
जिल्ला समन्वय समितिको कार्यालय, दोलखा।
जिल्ला प्रशासन कार्यालय, रामेछाप।
जिल्ला प्रशासन कार्यालय दोलखा।
कोष तथा लेखा नियन्त्रक कार्यालय, रामेछाप।
कोष तथा लेखा नियन्त्रक कार्यालय, दोलखा।
कृषि तथा पशुपन्छी विकास कार्यालय, रामेछाप।
कृषि तथा पशुपन्छी विकास कार्यालय, दोलखा।
उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, रामेछाप।
उद्योग, वाणिज्य, पर्यटन तथा यातायात कार्यालय, दोलखा।

विषयः सूचना पठाइएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यक्रम कार्यान्वयन एकाइ रामेछापको तपसिल बमोजिम सूचनाहरु प्रकाशन भएको जानकारी सहित तहाँ कार्यालयहरुको सूचना पाटीमा समेत टाँस गरिदिनुहुन सादर अनुरोध गरिन्छ।

तपसिल:

| सूचना नं | सुचनाको विषय | प्रकाशित मिति | कैफियत |
|---|---|---|---|
| ६ | कृषि तथा पशुपन्छी उद्यमशिलता कायर्क्रमको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना | २०८३।०५।०२ | प्रथम पटक प्रकाशित |
| ७ | कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धि सूचना | २०८३।०५।०२ | |
| ८ | कार्यक्रम प्रस्ताव आह्वान सम्बन्धि सूचना | २०८३।०५।०२ | दोस्रो पटक |

राजन परियार
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, रामेछाप
मन्थली, रामेछाप
(कार्यक्षेत्रः रामेछाप र दोलखा)

पत्र संख्या : २०८३/०८४

## सूचना नं ६: कृषि तथा पशुपन्छी उद्यमशिलता कार्यक्रम संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना !

(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/०२)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयनं एकाइ रामेछापको चालु आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकाले कृषि, वन तथा पर्यावरण मन्त्रालय (साबिक कृषि तथा पशुपन्छी मन्त्रालय) बाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन अर्थात २०८३।०६।०५ गते भित्र यस कार्यालयमा अनुसूची-०२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची ३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव दर्ता गर्नुहुन सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी दर्ता हुन आएका प्रस्तावहरु कार्यक्रममा समावेश नहुने समेत सूचित गरिन्छ।

| कार्यक्रमको नाम | लक्षित वर्ग | सञ्चालन हुने क्षेत्र | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम वा भुक्तानी प्रक्रिया | उपलब्ध बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलताको लागि अनुदान | १६ देखि ४० वर्ष उमेर समूह भित्रका युवा कृषक वा कृषि उद्यमी | रामेछाप र दोलखा जिल्ला भरि | कार्यविधिको दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्ताको कुल लागतको बढीमा ५०% वा बढीमा ४ लाख, जुन कम हुन्छ सोही रकम अनुदान रकम कायम हुने | ४४ |

**आवश्यक कागजातहरु**

१। कार्यक्रम सञ्चालन सम्बन्धि निर्दिष्ट ढाँचा बमोजिमको व्यवसायिक प्रस्ताव।
२। निवेदकको नागरिकताको प्रतिलिपि।
३। कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गा सम्बन्धि कागजातको प्रतिलिपि। (भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तिमा ५ वर्ष र स्थायी संरचना निर्माणको लागि कम्तिमा १० वर्षको लागि जग्गा करारनामा प्रतिलिपि)
४। उद्यम वा व्यवसाय दर्ता भएमा सम्बन्धित कार्यालयमा दर्ता/नवीकरण प्रमाणपत्रको प्रतिलिपि, कम्तिमा आ.व. २०८१/०८२ सम्म करचुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धि अन्य कागजातहरु।
५। संस्थाको स्थायी लेखा नं दर्ता प्रमाणपत्रको प्रतिलिपि।
६। समूह/सहकारी/सामुहिक संस्थाको हकमा संस्थाले गरेको निर्णय प्रतिलिपि।
७। समूह/सहकारी संस्थामा निवेदक सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाले दिएको अख्तियारी सम्बन्धि निर्णय।
८। शैक्षिक योग्यताको प्रमाण प्रतिलिपि वा कुनै तालिम लिएको भए सोको प्रमाणपत्र प्रतिलिपि।

राजन परियार
वरिष्ठ कृषि अधिकृत

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी"
"Invest in Domestic Production, Path to Self Sufficiency"

सम्पर्क ०४८-५४०५६२/०४९-४२११३० pmamp.piu.ramechhap@gmail.com, Web: piuramechhap.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

पत्र संख्याः २०८३/०८४

**कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ को दफामा उल्लेख भए बमोजिम कार्यक्रम संचालन हुने बाली वस्तु तथा मूल्य शृंखलाका क्षेत्र**

क॰ तरकारीको व्यवसायिक उत्पादन, प्रसोधन तथा बजारीकरण

ख॰ तरकारी बीउ-बेर्ना उत्पादन, प्रसोधन तथा भण्डारण

ग॰ दुग्धजन्य बस्तुको प्रसोधन तथा विविधिकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात

घ॰ च्याउ बीउ उत्पादन, च्याउ प्रसोधन, भण्डारण र बजारीकरण

ङ॰ मासुजन्य पदार्थको भण्डारण, प्रसोधन तथा बजारीकरण

च॰ अदुवा, बेसार र मसलाजन्य बालीको प्रसोधन तथा बजारीकरण

छ॰ मौरीपालन व्यवसाय र मह प्रसोधन

ज॰ जौ, फापर, सिलाम, कोदो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रसोधन तथा बजारीकारण

झ॰ प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण

ञ॰ बागबानी नर्सरी  स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु कल्चर प्रविधिबाट बीउ र बिरुवा उत्पादन गर्ने व्यवसाय

ट॰ फलफूल प्रसोधन र बजारी करण

ठ॰ खाद्यान्नको बीउ उत्पादन तथा प्रसोधन

ड॰ ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रसोधन्र भण्डारण

ढ॰ साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना र सञ्चालन

ण॰ घाँसबाट हे (Hay), साइलेज (Silage), तथा हेलेज (Haylage) उत्पादन व्यवसाय

त॰ प्राङ्गारिक कृषि वस्तु  निर्यात

थ॰ व्यवसाय पशुपन्छी, मत्स्यपालन, उत्पादन र प्रसोधन

द॰ जैविक विषादी, प्राङ्गा रिक विषादी, वनस्पति जन्य विषादी उत्पादन, प्रसोधन तथा बजारीकरण

➢ थप जानकारीको लागि फोन नं ९८५४०४८११७, ९८५४०५५५६२ र कार्यालयको फोन नं ०४८-५४०५६२ वा ०४९-४२११३० मा सम्पर्क गर्न सकिनेछ।

राजन परियार
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

# कार्यक्रम कार्यान्वयन एकाइ, रामेछाप

मन्थली, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा )

पत्र संख्या : २०८३/०८४

## सूचना नं ७: कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी सूचना !!!

(प्रथम पटक प्रकाशित मिति :२०८३।०५।०२)

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रामेछापको चालु आ.व. २०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलको कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव आव्हानको लागि यो ३५(पैतीस) दिनको सूचना प्रकाशन गरिएको छ । कार्यक्रममा सूचिकृत भएका वा सूचिकृत हुन चाहने कृषक समूह/सहकारी/संस्था/समिति र कृषि फर्म तथा कम्पनीहरुले आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन (२०८३।०६।०५ गते) भित्र यस कार्यालयमा तोकिएकव ढाँचा/फर्म्याट (https://piuramechhap.pmamp.gov.np/format मा हेर्न र डाउनलोड गर्न सकिने) बमोजिम आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.स. | कार्यक्रमको नाम | एकाइ | न्युनतम परिमाण/लक्ष्य | स्वीकृत बजेट (रु.लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| जुनार जोन रामेछाप<br>कार्यक्षेत्र : लिखुतामाकोशी गाउँपालिका वडा नं ३,४,५,६,७, मन्थली नगरपालिका वडा नं ४,५,६,९,१३ र १४, रामेछाप नगरपालिका वडा नं १,२,४,५,६,७ र ८ | | | | | | |
| १ | स्थानीय तहसंगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना / सुदृढीकरण | संख्या | १ | ७.०० | ५०-७५% | |
| रामेछाप र दोलखा जिल्ला भरि लागु हुने कार्यक्रम | | | | | | |
| २. | प्राङ्गारिक मल/ भर्मीकम्पोष्ट प्रवर्द्धन कार्यक्रम | पटक | २ | ५.६० | बढीमा ५०% | |

निवेदनसाथ संलग्न पेश गर्नुपर्ने कागजातहरु:

१. सूचिकृत साथै कार्यक्रम मागको निवेदन ।
२. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति,कृषि फर्म तथा कम्पनी दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं र आ.व. २०८२।८३ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्ष र निर्माण पूर्वाधारको लागि १० वर्षको सम्झौता करारनामा ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र प्रतिलिपि ।
५. सामुहिक संस्था (समूह/सहकारी/समिति/कम्पनी) को हकमा कार्यक्रम माग सम्बन्धि निर्णय प्रतिलित ।
६. तोकिएको ढाँचा/फर्म्याट अनुसारको प्रस्ताव आवेदन फारम ।
७. नर्सरी स्थापना/संचालन सम्वन्धि तालिम लिएको भए सो तालिम सम्बन्धि प्रमाणपत्रको प्रतिलिपि ।

राजन परिया
वरिष्ठ कृषि अ

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production, Path to Self Sufficiency"

सम्पर्क ०४८-५४०५६२ ०४९-४२११३० pmamp.piu.ramechhap@gmail.com, Web: piuramechhap.pmamp.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

# राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
# कार्यक्रम कार्यान्वयन एकाइ, रामेछाप

मन्थली, रामेछाप
(कार्यक्षेत्र रामेछाप र दोलखा )

**पत्र संख्या : २०८३/०८४**

सूचना नं ८: कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धी सूचना !!!

दोश्रो पटक प्रकाशित मिति :२०८३/०५/०२

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रामेछापको चालु आ.व. २०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार किवी जोन क्षेत्रमा तपशिलको कार्यक्रम संचालन गर्नका लागि प्रस्ताव आव्हानको लागि यो ७ (सात) दिनको सूचना प्रकाशन गरिएको छ । कार्यक्रममा सूचिकृत भएका वा सूचिकृत हुन चाहने कृषक समूह/सहकारी/संस्था/समिति र कृषि फर्म तथा कम्पनीहरुले आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (२०८३।०५।०९ गते) भित्र यस कार्यालयमा तोकिएको ढाँचा/फर्म्याट (https://piuramechhap.pmamp.gov.np/format मा हेर्न र डाउनलोड गर्न सकिने) बमोजिम आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

किवी जोन दोलखा र रामेछाप

| क्र.स. | कार्यक्रमको नाम | एकाइ | न्युनतम परिमाण/लक्ष्य | स्वीकृत बजेट (रु.लाखमा) | कार्यक्रम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| कार्यक्षेत्र : भीमेश्वर नगरपालिका वडा नं १,६,७,८ र ९, जिरी नगरपालिका वडा नं २,४,६ र ७, शैलुङ गाउँपालिका वडा नं ३,४,५,६,७ र ८, कालिञ्चोक गाउँपालिका वडा नं ६ र ९, विगु गाउँपालिका वडा नं ३ र ४ , गौरी शंकर गाउँपालिका वडा नं १३ र ४ , गोकुलगंगा गाउँपालिका वडा नं १,२,३,४,५ र ६ | | | | | | |
| १ | ग्रेडिंग मेशिन सहित किवी प्याकहाउस निर्माण सहयोग | संख्या | १ | ३० | ५० देखि ७५% | लाभग्राही छनौट पछी कार्यक्रम बोलपत्र आव्हान हुने । |

निवेदनसाथ संलग्न पेश गर्नुपर्ने कागजातहरु:

१. सूचिकृत साथै कार्यक्रम कागको निवेदन ।
२. सम्बन्धित निकायमा कृषक समूह/सहकारी संस्था/समिति,कृषि फर्म तथा कम्पनी दर्ता र नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं र आ.व. २०८२।८३ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्ष र निर्माण पूर्वाधारको लागि १० वर्षको सम्झौता करारनामा ।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्र प्रतिलिपि ।
५. सामुहिक संस्था (समूह/सहकारी/समिति/कम्पनी) को हकमा कार्यक्रम माग सम्वन्धि निर्णय प्रतिलित ।
६. तोकिएको ढाँचा/फर्म्याट अनुसारको प्रस्ताव आवेदन फारम ।

राजन परियार
वरिष्ठ कृषि अधिकृत

“स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी”
“Invest in Domestic Production, Path to Self Sufficiency”

सम्पर्क ०४८-५४०५६२ ०४९-४२११३० pmamp.piu.ramechhap@gmail.com, Web: piuramechhap.pmamp.gov.np